# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, जेठ २२ गते, २०८२ साल (संख्या ४

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालयको

## सूचना

<u>सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१</u>



**प्रस्तावना:** प्रदेश सरकारबाट स्थानीय तहको आधारभूत सेवाको विकास र आपूर्ति तथा सामाजिक आर्थिक रूपान्तरणमार्फत् विभेद र वञ्चितिमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्न स्थानीय तहबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ७ को उपदफा (२) को प्रयोजनका लागि सोहि ऐनको दफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "आयोजना तथा कार्यक्रम" भन्नाले विशेष अनुदानमा सञ्चालन गरिने दफा ३ को उपदफा (१) बमोजिमका आयोजना तथा कार्यक्रम सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला मन्त्रालय सम्झनु पर्छ।

(घ) "योजना आयोग" भन्नाले प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(च) "विशेष अनुदान" भन्नाले वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ७ बमोजिमको विशेष अनुदान सम्झनु पर्छ।

(छ) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई धनजनको क्षति तथा जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(ज) "सम्बन्धित मन्त्रालय" भन्नाले आयोजना तथा कार्यक्रमसँग सम्बन्धित प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले दफा ५ बमोजिमको आयोजना तथा कार्यक्रम सिफारिस समिति सम्झनु पर्छ।

३. <u>विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधारः</u> (१) प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन हुने देहायका कुनै क्षेत्रमा अनुसूची-१ सँग सम्बन्धित कार्यक्रम सञ्चालनको लागि विशेष अनुदान उपलब्ध गराउन सक्नेछः-



खण्ड ९) संख्या ४, प्रदेश राजपत्र भाग २ मिति २०८२।०२।२२

(क) शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि,

(ख) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि,

(ग) आधारभूत खानेपानी तथा सरसफाइ सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रूपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाइ,

(घ) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासको लागि लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व वृद्धि, आयआर्जन तथा जीविकोपार्जन सुधार,

(ङ) विपद् जोखिम न्यूनीकरण तथा प्रदेश सरकारको कार्यक्रममा नसमेटिएका विपदबाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनर्निर्माण,

(च) लोपोन्मुख, विपन्न तथा सीमान्तकृत समुदायको लागि नमुना आवास, एकीकृत वस्ती विकास तथा जोखिमयुक्त बस्ती स्थानान्तरण।

(२) स्थानीय तहले विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान देहाय बमोजिमको बजेट सीमाभित्र रहेको हुनु पर्नेछः-

(क) गाउँपालिकाबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान पच्चिस लाख रूपैयाँदेखि पचास लाख रूपैयाँसम्म,

(ख) नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान पच्चिस लाख रूपैयाँदेखि सत्तरी लाख रूपैयाँसम्म,

(ग) उपमहानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको कुल लागत अनुमान पच्चिस लाख रूपैयाँदेखि एक करोड रूपैयाँसम्म।

(३) उपदफा (२) बमोजिम आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना तथा कार्यक्रममध्ये पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाको हकमा बढीमा तीन वर्ष र कार्यक्रमको हकमा सालबसाली सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

४. <u>विशेष अनुदान माग गर्ने:</u> (१) योजना आयोगले प्रत्येक वर्ष फागुन मसान्तभित्र सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामी आर्थिक वर्षमा विशेष अनुदानमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।





(२) उपदफा (१) बमोजिम योजना आयोगबाट प्रस्ताव माग भएपछि स्थानीय तहले अन्य स्रोतवाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रम र हाल सञ्चालनमा रहेको आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक वर्षको चैत्र मसान्तभित्र योजना आयोगमा विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको लागि त्यस्तो अनुदान माग गरी योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणाली मार्फत् अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८२/८३ का लागि आयोजना तथा कार्यक्रम प्रस्ताव माग गर्ने र प्रस्ताव पेश गर्ने समयसीमा योजना आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(४) योजना वा कार्यक्रम प्रस्ताव गर्दा दफा ३ को उपदफा (२) बमोजिम क्रमागतसहित बढीमा तीन वटासम्म आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ।

तर यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका क्रमागत आयोजना तथा कार्यक्रमको कुल लागत साविककै व्यवस्था बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम सूचना जारी भएपछि स्थानीय तहले विशेष अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रम सम्बन्धी प्रस्ताव चैत्र मसान्तभित्र योजना आयोगले तोकेको विद्युतीय प्रणालीमार्फत् सो आयोगमा पेस गर्नु पर्नेछ।

(६) उपदफा (२) बमोजिम आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजातहरू विद्युतीय (अनलाइन) प्रणालीमा प्रविष्टि गर्नु पर्नेछः-

(क) आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान वा अनुसूची-३ बमोजिमको आयोजना तथा कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल),

(ख) आयोजना तथा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण,

(घ) सम्बन्धित कार्यपालिकाको निर्णय र अनुसूची-४ बमोजिमको ढाँचामा शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण।

(७) उपदफा (१) बमोजिम पेस गरिने प्रस्तावमा देहायका विषयहरू स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना तथा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याई,

(ख) आयोजना तथा कार्यक्रमको कुल लागत,





(ग) आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना,

(घ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(ङ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्न लाग्ने समय,

(च) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना तथा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(छ) क्रमागत आयोजना तथा कार्यक्रमको प्रस्ताव गरेको भएमा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण, र

(ज) योजना आयोगले तोकेका अन्य विवरण।

(८) स्थानीय तहले क्रमागत आयोजना तथा कार्यक्रमको लागि विशेष अनुदान माग गर्दा प्रत्येक आर्थिक वर्षको लागि पुनः बजेट माग गर्नु पर्नेछ ।

(९) स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम स्वीकृत अवधिमा सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो

आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ ।

(१०) उपदफा (२) बमोजिम स्थानीय तहले वडा, टोल, बस्तीका विभिन्न स्थानमा छरिएर रहेका अल्पसङ्ख्यक, सीमान्तकृत र विपन्न लक्षित समुदाय समेतलाई सम्बोधन हुने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव पेस गर्न सकिनेछ। त्यस्तो आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा लक्षित समुदायको परिवार सङ्ख्या, वडा, टोल वा बस्ती लगायतका अन्य विवरण समेत सलंग्न गर्नु पर्नेछ।

(११) स्थानीय तहले साविकमा सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रम सम्पन्न नगरी नयाँ योजना प्रस्ताव गर्न पाइने छैन।

(१२) उपदफा (११) मा जुनसुकै कुरा उल्लेख भए तापनि साबिकमा सञ्चालनमा रहेको क्रमागत आयोजनाको हकमा क्रमागत र नयाँ आयोजना समेत गरी उपदफा (४) मा तोकिएको सङ्ख्यामा नबढ्ने गरी माग गर्न बाधा पर्ने छैन।

५. **<u>आयोजना तथा कार्यक्रम सिफारिस समितिः</u>** (१) विशेष अनुदानमा स्थानीय तहबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न दफा ४ बमोजिम प्राप्त हुन आएका प्रस्तावमध्ये उपयुक्त प्रस्ताव छनोट गरी सिफारिस गर्न योजना आयोगमा देहाय बमोजिमको आयोजना तथा कार्यक्रम सिफारिस समिति रहनेछः-

(क) योजना आयोगको उपाध्यक्ष -संयोजक

(ख) प्रदेश सचिव, मुख्यमन्त्री



खण्ड ९) संख्या ४, प्रदेश राजपत्र भाग २ मिति २०८२।०२।२२

तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय -सदस्य

(घ) प्रदेश सचिव, प्रदेश सरकारको विषयगत मन्त्रालय -सदस्य

(ङ) सचिव, योजना आयोग -सदस्य सचिव

(३) समितिले बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले आयोजना तथा कार्यक्रम छनोट गर्दा दफा ३ को उपदफा (२) मा उल्लिखित आधारका अतिरिक्त सिफारिस समितिले अनुसूची-५ स्थानीय तहबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई तुलनात्मक रूपमा प्राथमिकता दिई विशेष अनुदान प्रदान गर्नको लागि सिफारिस गर्नु पर्नेछ।

(५) समितिले आयोजना तथा कार्यक्रम छनोट गर्दा एकमुष्ट बजेट विनियोजन नहुने गरी आयोजना तथा कार्यक्रमगत रूपमा बजेट प्रस्ताव गर्नु पर्नेछ।

(६) समितिले आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम छनोट गर्दा निर्धारित बजेट सीमाभित्र रही आगामी आर्थिक वर्षको बैशाख मसान्तभित्र सिफारिस गरिसक्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिम आयोजना तथा कार्यक्रम सिफारिस भइसकेपछि योजना आयोगले त्यसरी छनोट भएको स्थानीय तहको आयोजना तथा कार्यक्रमको

विवरणसहितको जानकारी जेठ पन्ध्र गते आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

६. <u>बजेट सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेः</u> (१) योजना आयोगले स्थानीय तहबाट विशेष अनुदानमार्फत् कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबीआइएस) मा प्रविष्टि गर्नु पर्नेछ। स्थानीय तहले स्थानीय तहवाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको विवरण स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा प्रविष्टि गर्नु पर्नेछ।

(२) प्रदेश सरकारबाट प्रदेश सभामा बजेट पेस भएपछि आयोगले विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको विवरण आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

७. <u>प्रदेश सरकारले विशेष अनुदान प्रदान गर्नेः</u> (१) प्रदेश सरकारले आयोगबाट छनोट भएको आयोजना तथा कार्यक्रम सञ्चालनको लागि त्यस्तो आयोजना तथा कार्यक्रमको कुल लागत, प्रकृति, प्राथमिकता, उपलब्धि र दिगोपना समेतको आधारमा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानीय तहमा विशेष अनुदान प्रदान गर्दा विशेष अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही विशेष अनुदान प्रदान गर्नु पर्नेछ।

(३) विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान दिँदा





सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना तथा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा त्रैमासिक रूपमा अनुदान रकम उपलब्ध गराउनेछ।

(४) स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन भइरहेको आयोजना तथा कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन पेस गरेपछि मात्र त्यस्तो आयोजना तथा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइनेछ।

८. <u>विशेष अनुदान प्रदान नगरिनेः</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले देहायका विषय वा प्रकृतिको आयोजना तथा कार्यक्रमको लागि स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्ने छैनः-

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिको,

(घ) दफा३ को उपदफा (२) मा उल्लिखित न्यूनतम सीमाभन्दा कम कुल लागत अनुमान भएको आयोजना तथा कार्यक्रम।

९. <u>अनुदान रकम निकासा तथा खर्च प्रक्रियाः</u> (१) स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना तथा

कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना तथा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् सञ्चालन हुने आयोजना तथा कार्यक्रममा खर्च गर्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्वाधार निर्माण बाहेक प्रचलित सार्वजनिक खरिद कानून बमोजिमको सीमाभित्रको कार्यक्रमको हकमा उत्पादन तथा उत्पादकत्व वृद्धि, आयआर्जन तथा जीविकोपार्जन सुधार सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि प्रचलित खरिद कानूनको बजेट सीमाको परिधिभित्र रहने गरी कृषक समूह, महिला समूह जस्ता सामाजिक परिचालनको माध्यमबाट गठन भई स्थानीय तहमा सूचीकृत सामुदायिक संस्थालाई परिचालन गर्न सकिनेछ। सो प्रयोजनको लागि स्थानीय तहमा रहेका अगुवा कृषक, सामाजिक परिचालक वा उत्प्रेरकको समेत सहयोग लिन सकिनेछ।

(४) उपदफा (२) बमोजिम सञ्चालन हुने आयोजना तथा कार्यक्रम र सम्बन्धित स्थानीय तहमा सङ्घ वा प्रदेशवाट सञ्चालित वा अन्य गैरसरकारी सङ्घ संस्थावाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम एउटै प्रकृतिको रहेछ भने त्यस्तो आयोजना तथा कार्यक्रम वा लक्षित समूहमा दोहोरोपन नहुने गरी परिपूरकता कायम गर्नु पर्नेछ।

(५) स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।





(६) प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट पुँजीगत प्रकृतिको विशेष अनुदान निकासा माग गर्दा आयोजना तथा कार्यक्रमको खरिद योजना, खरिद सम्झौता र कार्य प्रगति विवरण पेस गर्नु पर्नेछ।

(७) स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी तथा पारदर्शी किसिमले विद्युतीय भुक्तानी प्रणालीमार्फत् भुक्तानी गर्नु पर्नेछ।

(८) विशेष अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको हुनेछ ।

१०. <u>मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्ने:</u> स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६ बमोजिम तयार गर्नु पर्ने मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ।

११. <u>तोकिएको अवधिभित्र आयोजना तथा कार्यक्रम सम्पन्न गर्नु पर्ने:</u> स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन

नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

१२. **आयोजना तथा कार्यक्रम हेरफेर गर्न नहुनेः** विशेष अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको आयोजना तथा कार्यक्रमको लागि बजेट विनियोजित रकम सो वाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना तथा कार्यक्रमको लागि विनियोजित रकम अन्य कार्यक्रममा रकमान्तर गर्न वा कार्यान्वयन अवधि स्वीकृत भएको अवधिभन्दा बढी हुने गरी बढाउन पाइने छैन।

१३. **रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेः** स्थानीय तहमा भएको विशेष अनुदानको वित्तीय हस्तान्तरण रकम सम्वन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहन गएमा त्यस्तो रकम सम्बन्धित स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

१४. **निर्देशन दिन सक्नेः** (१) विशेष अनुदानबाट संचालित कुनै आयोजना तथा कार्यक्रम त्यस्तो आयोजना तथा कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन नभएमा, कायम गर्नु पर्ने गुणस्तर कायम गरेको नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने अवस्था भएमा वा कुनै कारणले आयोजना तथा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नु पर्ने देखिएमा आर्थिक मामिला मन्त्रालय वा योजना आयोगले स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ।





(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटि पिरियड) वा निश्चित अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा आर्थिक मामिला मन्त्रालय वा योजना आयोगले सोको छानबिन गरी तहको सम्बन्धित पक्षलाई आवश्यक मर्मत सम्भार वा सुधारको लागि निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम दिएको निर्देशनको जानकारी वा उपदफा (२) बमोजिम गरेको छानविनको जानकारी निर्देशन दिने वा छानबिन गर्ने निकायले अर्को निकायलाई गराउनु पर्नेछ।

१५. **अनुगमन तथा प्रतिवेदनः** ((१) विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम प्रभावकारी रूपमा लक्षित प्रतिफल प्राप्त हुने गरी कार्यान्वयन भए नभएको सम्बन्धमा देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष -संयोजक

(ख) आयोजना तथा कार्यक्रम सञ्चालित वडाको वडाध्यक्ष - सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रको एकजना प्राविधिक कर्मचारी वा विषय विशेषज्ञलाई अनिवार्य रूपमा सहभागी गराउनु पर्नेछ।

(३) विशेष अनुदानबाट स्थानीय तहले कार्यान्वयन गरेका आयोजना तथा कार्यक्रमको कार्य प्रभावकारी, उपलब्धिमूलक, पारदर्शी किसिमले र तोकिएको समय सीमाभित्र भए नभएको सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय वा योजना आयोग र सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिले अनुगमन गर्न सक्नेछ।

(४) स्थानीय तहले सञ्चालन भइरहेको आयोजना तथा कार्यक्रमको काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना तथा कार्यक्रम स्थलमा "आयोजना तथा कार्यक्रम जानकारी सूचनापाटी" राख्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले कामको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(६) सबै स्थानीय तहले आफ्नो क्षेत्रमा विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी मन्त्रालय, योजना आयोग, सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा अनुसूची-४ बमोजिमको ढाँचामा पेस गर्नु पर्नेछ।





(७) उपदफा (६) बमोजिम विद्युतीय प्रणालीमार्फत् प्राप्त भएको प्रगतिको आधारमा योजना आयोगले वार्षिक रूपमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

१६. **अनुदान रोक्का वा कट्टा गर्न सकिने:** (१) विशेष अनुदानबाट सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमको लक्षित उद्देश्य अनुरूप कार्य प्रगति हुन नसकेमा, मङ्सिर मसान्तभित्र ठेक्का सूचना हुन नसकेमा वा आर्थिक मामिला मन्त्रालय वा योजना आयोगले दफा १४ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा दफा १५ बमोजिम पेस गर्नुपर्ने प्रगति प्रतिवेदन पेस नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरूप भएको नपाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा आर्थिक मामिला मन्त्रालयले विशेष अनुदान रकम सोही आर्थिक वर्ष वा आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने विशेष अनुदान रकमवाट रोक्का राख वा कट्टा गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले प्रगति प्रतिवेदन पेस गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गरेमा त्यसरी रोक्का राखेको रकम आर्थिक मामिला मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१७. **आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी:** विशेष अनुदानबाट सम्पन्न भएको आयोजना तथा कार्यक्रमको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ र त्यस्तो आयोजना तथा कार्यक्रमको

व्यवस्थापन तथा सञ्चालनको लागि प्रदेश सरकारले कुनै दायित्व वहन गर्ने छैन।

१८. <u>अनुसूचीमा हेरफेर:</u> आर्थिक मामिला मन्त्रालयले योजना आयोगको परामर्शमा यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

१९. <u>खारेजी र बचाउः</u> (१) सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।





## अनुसूची १

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>विशेष अनुदान प्रस्ताव गर्न सकिने क्षेत्र तथा कार्यक्रम</u>**

<u>(१) शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धिः</u>

(क) विद्यालयको फर्निचर, शैक्षिक सामग्री, कम्प्युटर, डिजिटल बोर्ड, प्रयोगशाला उपकरण, पुस्तकालय, शौचालय, खानेपानी जस्ता पूरक शैक्षिक पूर्वाधार।

(ख) दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदाय लक्षित वर्गको लागि प्रदेश सरकारबाट प्रदान गरिने ससर्त अनुदानबाट नसमेटिएको अन्य शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रम।

<u>(२) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिः</u>

(क) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधारको लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामग्री, अपुग भएको अत्यावश्यक औषधी, बर्थिङ्ग सेन्टरको लागि शैय्या तथा उपकरण, आदि।

(ख) प्रदेश सरकारबाट प्रदान गरिने ससर्त अनुदानबाट नसमेटिएको स्वास्थ्य सम्बन्धी अन्य कार्यक्रम।

(ग) मातृ तथा बालबालिकाको लागि पोषण सुधार।

<u>(३) आधारभूत खानेपानी तथा सरसफाइ सुविधाबाट वञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक, सामाजिक रूपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाइ:</u>

(क) आधारभूत खानेपानी आपूर्ति।

(ख) आधारभूत सरसफाइ ।

(ग) जल पुनर्भरण तथा स्रोत संरक्षण।

**(४) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासको लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व वृद्धि एवम् आयआर्जन तथा जीविकोपार्जन सुधार,**

(क) कृषक समूहका लागि डिप ट्यूबेल सिँचाई, यान्त्रिक सिँचाई, थोपा सिँचाई, रोअर पम्प, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल, गोठ सुधार, व्यावसायिक पशुपन्छी पालन, नश्ल सुधार, रोग किरा नियन्त्रण, रैथाने बाली संरक्षण, बिउबिजन, फलफूलको बोटबिरूवा आदि।

(ख) कृषि उपकरण, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको सङ्कलन तथा विक्री केन्द्र स्थापना, वाली भण्डारण तथा क्षति नियन्त्रण, आदि।

(ग) विपन्न भूमिहीन वर्ग लक्षित बगर वा नदी उकास क्षेत्रमा गरिने व्यावसायिक कृषि।

(घ) सामूहिक रूपमा जग्गा भाडामा लिई गरिने व्यावसायिक कृषि, जडिबुटी खेती तथा गैरकाष्ठ वन पैदावार उत्पादन, आदि।

(ङ) उद्यमशीलता विकासको लागि सघाउ पुग्ने गरी उपकरण, प्रविधि र वित्तीय एवम् बजार पहुँच सहितको एकीकृत तालिम प्याकेज, आदि।

**(५) विपद् जोखिम न्यूनीकरण तथा प्रदेश सरकारको कार्यक्रममा नसमेटिएको विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनर्निर्माणः**

(क) विपद् जोखिमयुक्त बस्ती स्थानान्तरण।





(ख) प्रदेश सरकारको कार्यक्रममा नसमेटिएको विपदबाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनर्निर्माण।

**(६) लोपोन्मुख, विपन्न तथा सीमान्तकृत समुदायको लागि नमुना आवास, एकीकृत बस्ती विकास तथा जोखिमयुक्त बस्ती स्थानान्तरणः**

(क) विपन्न तथा सीमान्तकृत समुदायको लागि नमुना आवास तथा एकीकृत बस्ती विकास।

## अनुसूची २

## (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम पेस गर्ने प्रस्तावको ढाँचा

(१) अनुदान माग गर्ने स्थानीय तहको नामः

(२) ठेगानाः

(३) सम्पर्क फोनः  फ्याक्सः  इमेलः

(४) आयोजना तथा कार्यक्रमको नामः

(५) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने स्थानः

(६) आयोजना तथा कार्यक्रमको अनुमानित कुल लागतः

(७) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना तथा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरणः

(८) आयोजना तथा कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसङ्ख्याः

(९) आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने आर्थिक वर्षः

(१०) आयोजना तथा कार्यक्रमको कुल लागतमध्ये प्रदेश र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरणः

(११) आयोजना तथा कार्यक्रममा निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकमः

(१२) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचाः





(१३) प्रदेश सरकारले विशेष अनुदान मार्फत् व्यहोर्ने प्रस्तावित रकमः

(१४) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्टयाईंः

(१५) आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपनाः

(१६) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्तिः

(१७) संलग्न आवश्यक कागजातहरूः

(क) आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान वा आयोजना सञ्चालनको प्रस्ताव (प्रपोजल),

(ख) आयोजना तथा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण क्रमबद्धता, सम्बन्धित कार्यपालिकाको निर्णय र अनुसूची-२ बमोजिमको प्रमाणित फाराम,

(घ) योजना आयोगले निर्धारण गरेको अन्य विवरण तथा कागजात।

| |
|---|
| प्रमुख प्रशासकीय अधिकृतको, |
| दस्तखतः |
| नाम थरः |
| मितिः |

## अनुसूची ३

### दफा ४ को उपदफा (६) खण्ड (क) सँग सम्बन्धित)

### विशेष अनुदानको लागि कार्यक्रम सञ्चालन प्रस्ताव ढाँचा

१. कार्यक्रमको नामः

२. कार्यक्रमको पृष्ठभूमिः

३. कार्यक्रमको उद्देश्यः

४ कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको तथ्यपरक पुष्ट्याई

५ कार्यक्रममा हुने लगानी र सोबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ र लाभग्राहीको विस्तृत विवरणः

६. कार्यक्रमबाट प्राप्त हुने प्रतिफल वा लाभबाट दिगो विकास लक्ष्य र स्थानीय तहको आवधिक योजना, प्रदेशको आवधिक योजना तथा सोह्रौं योजनाको लक्ष्य हासिल गर्न पुन्याउने प्रत्यक्ष योगदान सम्बन्धी बुँदागत विवरणः

७. कार्यक्रममा सङ्घ, प्रदेश तथा स्थानीय तह र निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए लगानीको अनुपात, साझेदारीको ढाँचा र दोहोरो नपर्ने आधारः

८. कार्यक्रम कार्यान्वयन गर्न सक्ने भौतिक क्षमता वा जनशक्तिः

९. कार्यक्रमबाट वातावरणमा पर्न सक्ने असर र न्यूनीकरणका उपायः

१०. कार्यक्रम कार्यान्वयनको चुनौती र आइपर्नसक्ने जोखिम न्यूनीकरणका उपायः

११. कार्यक्रम अनुगमन र मूल्याङ्कन व्यवस्थाः





१२. कार्यक्रम दिगो रूपमा सञ्चालन गर्ने आधार वा व्यावसायिक योजनाः

| प्रमुख प्रशासकीय अधिकृतको,- | प्रमुख वा अध्यक्षको,- |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

नोटः कार्यक्रम प्रस्तावको सुरू पृष्ठमा देहायका विवरण राख्ने

कार्यक्रम पेस गर्ने प्रदेश वा स्थानीय तहको नामः

ठेगानाः

फोन/फ्याक्स/इमेलः

कार्यक्रमको नामः

कुल लागत रू.

प्रस्तावित लाभान्वित जनसङ्ख्याः

कार्यक्रमको विषयक्षेत्रः

कार्यक्रम कार्यान्वयनको लागि जिम्मेबार स्थानीय तहको शाखाः

अनुसूची ४

(दफा ४ को उपदफा (६) को खण्ड (ग) सँग सम्बन्धित)

**विशेष अनुदानको लागि शर्त पूरा भएको प्रमाणित गर्ने फाराम**

..........................(स्थानीय तहको नाम लेख्ने)

............................(ठेगाना लेख्ने)

| विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | |
|---|---|---|
| आयोजना तथा कार्यक्रमको नाम | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १) | | |
| २) | | |
| ३) | | |

१. आयोजना तथा कार्यक्रमको कुल लागत निर्धारित सीमाभित्र रहेको,

२. आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको,

३. आयोजना तथा कार्यक्रम स्थानीय तहको आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

४. आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन वा ड्र्इङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत लागत अनुमान तयार भएको वा आयोजना तथा कार्यक्रम सञ्चालनको प्रस्ताव (प्रपोजल),





५. आयोजना तथा कार्यक्रमको प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको,

६. आयोजना तथा कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार भएको,

७. प्रदेशले कार्यान्वयन गरिरहेको र स्थानीय तहले आफ्नै वा अन्य स्रोतवाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमसँग दोहोरो नपरेको,

८. क्रमागत आयोजना सहित स्थानीय तहको हकमा अधिकतम तीन वटासम्म आयोजना तथा कार्यक्रमहरू प्रस्ताव गरेको,

९. क्रमागत तथा नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नको लागि आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण विवरण (सम्बन्धित कार्यपालिकाको निर्णय) भएको,

१०. आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको,

११. आयोजना तथा कार्यक्रमको दिगोपनको सन्दर्भमा व्यवस्थापन तथा सञ्चालन सुनिश्चितता भएको,

१२. आयोजना तथा कार्यक्रमको लागि आवश्यक पर्ने जग्गा प्राप्त भएको,

१३. आयोजनाको निर्माण स्थल तयारी (Site Clearance) भएको;

आयोजना तथा कार्यक्रम प्रस्तावसँग सम्बन्धित माथिका शर्तहरू पूरा भएको प्रमाणित गर्दछु।

| **तयार गर्नेकोः** | **प्रमाणित गर्नेकोः** |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

**<u>प्रमाणित गरिए बमोजिम योजना आयोगको विशेष अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको.-</u>**

नाम थरः

पदः

दस्तखतः

कार्यालयको छापः

प्रविष्टि मितिः

नोटः- यो फाराम प्रमाणित गर्दा देहायका पदाधिकारीले तयारी, प्रमाणित र विशेष अनुदान प्रणालीमा प्रविष्ट गर्नेले अनिवार्य रूपमा दस्तखत गर्नु पर्नेछः-

क. तयार गर्ने महलमा प्रमुख प्रशासकीय अधिकृतको र प्रमाणित गर्ने महलमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिका/उपमहानगरपालिकाको प्रमुख र प्रविष्ट गर्ने महलमा आयोजना तथा कार्यक्रम विशेष अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको नाम, पद र दस्तखत गर्नु पर्ने।





**अनुसूची-५**

**(दफा ५ को उपदफा (४) सँग सम्बन्धित**

**<u>आर्थिक-सामाजिक विकासमा बञ्चितीकरणको आधारमा स्थानीय तहको क्रमबद्धता</u>**

(क) **विधिः** राष्ट्रिय तथ्याङ्क कार्यालयबाट २०७८ कार्तिक २५ गतेदेखि मङ्सिर ०९ गतेसम्म नेपाल जनसङ्ख्या तथा आवास गणना गरिएको थियो। घरेलु विशेषताहरू, सेवा उपयोगिताहरू र सुविधाहरूको तथ्याङ्क उपयोग गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुसार "सम्पत्ति सूचकाङ्क" निर्माण गरेको छ। सम्पत्ति सूचकाङ्क १७ वटा कारक तत्त्वहरूमा आधारित छ, जसमा नौ घरेलु सम्पत्ति, चार सेवाहरू र चार आवास गुणस्तर चरहरू समावेश छन्। यी कारकहरूभित्र घरको जगमा प्रयोग हुने सामग्री, घरको बाहिरी भित्तामा प्रयोग गरिने सामग्री, घरको छतमा प्रयोग गरिने सामग्री, घरको भूईँमा प्रयोग हुने सामग्री, पिउने पानीको मुख्य स्रोत, खाना पकाउने इन्धन, प्रकाशको लागि प्रयोग गरिने इन्धन, शौचालय सुविधाको उपलब्धता र प्रकार, टेलिभिजन, ल्यान्डलाइन फोन, स्मार्ट मोबाइल फोन, कम्प्युटर वा ल्यापटप, घरमा इन्टरनेट, कार/जीप/भ्यान, मोटरसाइकल/स्कुटर, फ्रिज र लुगा धुने मेसिन जस्ता घरेलु सम्पत्तिहरू सम्पत्ति जनाउने तत्त्वहरू समावेश गरिएको छ। उक्त सम्पत्ति सूचकाङ्कलाई अति गरिबी, गरिबी, मध्यम, धनि, अति धनि गरी पञ्चांशमा विभाजन गरिएको छ। उक्त पञ्चांशमध्ये अति गरिब र गरिबलाई समावेश गरी आर्थिक-सामाजिक विकासमा बञ्चितीकरणको अवस्था सङ्केत गरिएको

छ। बञ्चितीकरण सूचकाङ्क गणितीय हिसाबले एक र शून्यको बीचमा रहन्छ। एकको नजिक केन्द्रित रहेको सूचकाङ्कले बढी बञ्चितीकरणको अवस्थालाई सङ्केत गर्दछ भने शून्यको नजिक रहेका सूचकाङ्कहरूले कम बञ्चितीकरणको अवस्थालाई सङ्केत गर्दछ। यही सूचकाङ्कको आधारमा प्रदेश एवम् स्थानीय तहको स्तरीकरण गरिएको छ।

(ख) **तालिकाः** आर्थिक सामाजिक विकासमा बञ्चितीकरणको आधारमा स्थानीय तहको क्रमबद्धता

| क.सं. | स्थानीय तह | बन्चितिकरण सूचकांक |
|---|---|---|
| १ | साइपाल गाउँपालिका, बझांग | ०.९८६५ |
| २ | गौमुल गाउँपालिका बाजुरा | ०.९८६० |
| ३ | रामारोशन गाउँपालिका अछाम | ०.९८१४ |
| ४ | हिमाली गाउँपालिका बाजुरा | ०.९८०४ |
| ५ | बोगटान फुड्सिल गाउँपालिका डोटी | ०.९७७२ |
| ६ | सायल गाउँपालिका डोटी | ०.९७५१ |
| ७ | तुर्माखाँद गाउँपालिका अछाम | ०.९६७४ |
| ८ | खप्तड छेडेदह गाउँपालिका बाजुरा | ०.९६६४ |
| ९ | ढकारी गाउँपालिका अछाम | ०.९६०९ |
| १० | पुचौंडी नगरपालिका बैतडी | ०.९५६४ |
| ११ | कमलबजार नगरपालिका अछाम | ०.९५५५ |
| १२ | स्वामीकार्तिक खापर गाउँपालिका बाजुरा | ०.९५३८ |
| १३ | तलकोट गाउँपालिका बझांग | ०.९५१९ |





| क.सं. | स्थानीय तह | बन्चितिकरण सूचकांक |
|---|---|---|
| १४ | मोहन्याल गाउँपालिका कैलाली | ०.९५१४ |
| १५ | चौरपाटी गाउँपालिका अछाम | ०.९५०१ |
| १६ | पंचदेवल बिनायक नगरपालिका अछाम | ०.९४९० |
| १७ | आदर्श गाउँपालिका डोटी | ०.९४८३ |
| १८ | त्रिवेणी नगरपालिका बाजुरा | ०.९४४६ |
| १९ | थलारा गाउँपालिका बझांग | ०.९३८२ |
| २० | मेल्लेख गाउँपालिका अछाम | ०.९३५४ |
| २१ | सिगास गाउपलिका, बैतडी | ०.९३४४ |
| २२ | जगन्नाथ गाउँपालिका बाजुरा | ०.९३०९ |
| २३ | के.आई.सिं. गाउँपालिका डोटी | ०.९३०८ |
| २४ | मष्टा गाउँपालिका बझांग | ०.९३०० |
| २५ | पूर्विचौकी गाउँपालिका डोटी | ०.९२८९ |
| २६ | बान्नीगढी जयगढ गाउँपालिका अछाम | ०.९२८२ |
| २७ | बुंगल नगरपालिका बझांग | ०.९१९३ |
| २८ | चुरे गाउँपालिका कैलाली | ०.९१८८ |
| २९ | दोगडाकेदार गाउँपालिका, बैतडी | ०.९१६५ |
| ३० | शिवनाथ गाउँपालिका, बैतडी | ०.९१५८ |
| ३१ | भागेश्वर गाउँपालिका, डडेलधुरा | ०.९१५२ |
| ३२ | नौगाड गाउँपालिका, दार्चुला | ०.९१२९ |
| ३३ | बुढिगङ्गा नगरपालिका, बाजुरा | ०.९१२४ |

| क्र.सं. | स्थानीय तह | बन्चितिकरण सूचकांक |
|---|---|---|
| ३४ | लेकम गाउँपालिका, दार्चुला | ०.९०३६ |
| ३५ | बडिकेदार गाउँपालिका, डोटी | ०.८९९१ |
| ३६ | व्यास गाउँपालिका, दार्चुला | ०.८९२२ |
| ३७ | बुढिनन्दा नगरपालिका, बाजुरा | ०.८८९९ |
| ३८ | खप्तडछान्ना गाउँपालिका, बझाङ | ०.८८१७ |
| ३९ | मेलौली नगरपालिका, बैतडी | ०.८७७२ |
| ४० | दुर्गाथली गाउँपालिका, बझाङ | ०.८७६१ |
| ४१ | पन्चेश्वर गाउँपालिका, बैतडी | ०.८७२७ |
| ४२ | केदारस्यु गाउँपालिका, बझाङ | ०.८७०४ |
| ४३ | अपिहिमाल गाउँपालिका, दार्चुला | ०.८६४९ |
| ४४ | अजयमेरू गाउँपालिका, डडेलधुरा | ०.८६४१ |
| ४५ | मंगलसेन नगरपालिका, अछाम | ०.८६२३ |
| ४६ | सूर्मा गाउँपालिका, बझाङ | ०.८५८४ |
| ४७ | सुर्नया गाउँपालिका, बैतडी | ०.८५१७ |
| ४८ | जोरायल गाउँपालिका, डोटी | ०.८५०३ |
| ४९ | छबिसपाथिभेरा गाउँपालिका, बझाङ | ०.८४१७ |
| ५० | शिखर नगरपालिका, डोटी | ०.८४०४ |
| ५१ | डिलासैनी गाउँपालिका, बैतडी | ०.८२७९ |
| ५२ | वित्थडचिर गाउँपालिका, बझाङ | ०.८२३५ |
| ५३ | आलिताल गाउँपालिका, डडेलधुरा | ०.८१८१ |





| क्र.सं. | स्थानीय तह | बन्चितिकरण सूचकांक |
|---|---|---|
| ५४ | मालिकार्जुन गाउँपालिका, दार्चुला | ०.८१२२ |
| ५५ | दुहुँ गाउँपालिका, दार्चुला | ०.८०७९ |
| ५६ | नवदुर्गा गाउँपालिका, डडेलधुरा | ०.८०५५ |
| ५७ | मार्मा गाउँपालिका, दार्चुला | ०.७९१४ |
| ५८ | साँफेबगर नगरपालिका, अछाम | ०.७८७२ |
| ५९ | पाटन नगरपालिका, बैतडी | ०.७७०० |
| ६० | बडिमालिका नगरपालिका, बाजुरा | ०.७६६४ |
| ६१ | गन्यापधुरा गाउँपालिका, डडेलधुरा | ०.७५२५ |
| ६२ | लालझाडी गाउँपालिका, कञ्चनपुर | ०.७५०३ |
| ६३ | शैल्यशिखर नगरपालिका, दार्चुला | ०.७३३६ |
| ६४ | परशुराम नगरपालिका, डडेलधुरा | ०.६८७९ |
| ६५ | दशरथचन्द नगरपालिका बैतडी | ०.६४३१ |
| ६६ | भजनी नगरपालिका कैलाली | ०.६३७९ |
| ६७ | दिपायल सिलगढी नगरपालिका, डोटी | ०.६२५६ |
| ६८ | जयपृथ्वी नगरपालिका, बझांग | ०.६०६६ |
| ६९ | कैलारी गाउपलिका, कैलाली | ०.५६५७ |
| ७० | जोशीपुर गाउँपालिका, कैलाली | ०.५५३६ |
| ७१ | घोडाघोडी नगरपालिका कैलाली | ०.५५१३ |
| ७२ | गौरिगंगा नगरपालिका, कैलाली | ०.५३८९ |
| ७३ | जानकी गाउपालिका, कैलाली | ०.५३६१ |

| क.सं. | स्थानीय तह | बन्चितिकरण सूचकांक |
|---|---|---|
| ७४ | कृष्णपुर नगरपालिका, कञ्चनपुर | ०.४२३३ |
| ७५ | बेलडाडी गाउपलिका, कञ्चनपुर | ०.३९९५ |
| ७६ | टिकापुर नगरपालिका, कैलाली | ०.३९९५ |
| ७७ | बर्दगोरीया गाउपलिका, कैलाली | ०.३९६६ |
| ७८ | अमरगढी नगरपालिका, डडेल्धुरा | ०.३८४५ |
| ७९ | शुक्लाफाँटा नगरपलिका कञ्चनपुर | ०.३८३० |
| ८० | पुनर्वास नगरपालिका, कञ्चनपुर | ०.३५२९ |
| ८१ | बेलौरी नगरपालिका, कञ्चनपुर | ०.३५०२ |
| ८२ | महाकाली नगरपालिका, दार्चुला | ०.३२५२ |
| ८३ | गोदावरी नगरपालिका, कैलाली | ०.३१२५ |
| ८४ | लम्कीचुहा नगरपालिका, कैलाली | ०.३००३ |
| ८५ | बेदकोट नगरपालिका, कञ्चनपुर | ०.२८२९ |
| ८६ | धनगढी उपमहानगरपालिका, कैलाली | ०.२२९६ |
| ८७ | दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर | ०.२०९५ |
| ८८ | भिमदत्त नगरपालिका, कञ्चनपुर | ०.१२७६ |





## अनुसूची-६
**(दफा १५ को उपदफा (४) सँग सम्बन्धित)**

**प्रगति प्रतिवेदनको ढाँचा**

आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क फोन नः

इमेलः

जिम्मेवार पदाधिकारीको नाम र सम्पर्क नं.

| क.सं. | आयोजना तथा कार्यक्रम को नाम | आयोजना तथा कार्यक्रम संचालन भएको स्थान (गाउँपालिका/ नगरपालिका, वडा नम्बर) | कुल लागत (लागत अनुमान बमोजिम-को) | चालु आ.व.मा कुल विनियोजन | ......अवधिको लक्ष्य | | ...अवधि को प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्नेः प्रमाणित गर्नेः

आज्ञाले,
राजेन्द्र कुमार हमाल
प्रदेश सरकारको सचिव।



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १५।-